मिति : २०७८/४/५ गते (मंगलबार), स्थान : पो.म.न.पा. सभाकक्ष,

बैठक सख्या : **५१** समय : बिहान ८ : ०० बजे,

पोखरा महानगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री मञ्जुदेवी गुरुङ्गज्यूको अध्यक्षतामा यस महानगरपालिका नगर कार्यपालिकाको वैठक महानगरपालिकाको सभाकक्षमा तपसिल बमोजिको उपस्थितिमा बसि देहायनुसारको निर्णय गरियो ।

**उपस्थिती** :

| | | |
|---|---|---|
| अध्यक्ष | श्री मञ्जुदेवी गुरुङ्ग | कार्यवाहक प्रमुख |
| सचिव | श्री हेम प्रसाद आचार्य | निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | श्री शारदा पराजुली | वडा अध्यक्ष वडा नं. १ |
| सदस्य | श्री रामेश्वर मल्ल | वडा अध्यक्ष वडा नं. २ |
| सदस्य | श्री रबिन्द्र बहादुर प्रजु | वडा अध्यक्ष वडा नं. ३ |
| सदस्य | श्री शंकर प्रसाद वँस्तोला | वडा अध्यक्ष वडा नं. ४ |
| सदस्य | श्री धनबहादुर नेपाली | वडा अध्यक्ष वडा नं. ५ |
| सदस्य | श्री जगतबहादुर पाहारी | वडा अध्यक्ष वडा नं. ६ |
| सदस्य | श्री रामचन्द्र बराल | वडा अध्यक्ष वडा नं. ७ |
| सदस्य | श्री रुद्रनाथ वराल | वडा अध्यक्ष वडा नं. ८ |
| सदस्य | श्री रामराज लामिछाने | वडा अध्यक्ष वडा नं. ९ |
| सदस्य | श्री राजकुमार गरुङ्ग | वडा अध्यक्ष वडा नं. १० |
| सदस्य | श्री मोहन प्रसाद वाँस्तोला | वडा अध्यक्ष वडा नं. ११ |
| सदस्य | श्री रामबहादुर कार्की | वडा अध्यक्ष वडा नं. १२ |
| सदस्य | श्री लेखबहादुर तामाङ्ग | वडा अध्यक्ष वडा नं. १३ |
| सदस्य | श्री प्रेमबहादुर कार्की | वडा अध्यक्ष वडा नं. १४ |
| सदस्य | श्री प्रकाश पौडेल | वडा अध्यक्ष वडा नं. १५ |
| सदस्य | श्री जिबन प्रसाद आचार्य | वडा अध्यक्ष वडा नं. १६ |
| सदस्य | श्री तिर्थराज अधिककारी | वडा अध्यक्ष वडा नं. १७ |

| | | |
|---|---|---|
| सदस्य | श्री रणबहादुर थापा | वडा अध्यक्ष वडा नं. १८ |
| सदस्य | श्री शोभामोहन पौडेल | वडा अध्यक्ष वडा नं. १९ |
| सदस्य | श्री सिमबहादुर गुरुङ्ग | वडा अध्यक्ष वडा नं. २० |
| सदस्य | श्री खगराज आचार्य | वडा अध्यक्ष वडा नं. २१ |
| सदस्य | श्री मित्रलाल वराल | वडा अध्यक्ष वडा नं. २२ |
| सदस्य | श्री विष्णु प्रसाद पराजुली | वडा अध्यक्ष वडा नं. २३ |
| सदस्य | श्री ओम प्रसाद सुवेदी | वडा अध्यक्ष वडा नं. २४ |
| सदस्य | श्री शोभाकर तिमिल्सीना | वडा अध्यक्ष वडा नं. २५ |
| सदस्य | श्री नारायण प्रसाद वराल | वडा अध्यक्ष वडा नं. २६ |
| सदस्य | श्री पूर्णकुमार गुरुङ्ग | वडा अध्यक्ष वडा नं. २७ |
| सदस्य | श्री निर्मल दियाली | वडा अध्यक्ष वडा नं. २८ |
| सदस्य | श्री चेतबहादुर गुरुङ्ग | वडा अध्यक्ष वडा नं. २९ |
| सदस्य | श्री श्रीराम पोखरेल | वडा अध्यक्ष वडा नं. ३० |
| सदस्य | श्री कमल बहादुर थापा | वडा अध्यक्ष वडा नं. ३१ |
| सदस्य | श्री अक्कल बहादुर कार्की | वडा अध्यक्ष वडा नं. ३२ |
| सदस्य | श्री शिबप्रसाद आचार्य | वडा अध्यक्ष वडा नं. ३३ |
| सदस्य | श्री पुष्पा घले पहारी | पो.म.न.पा. वडा नं. ६ |
| सदस्य | श्री बुधराज भुजेल (भिमसेन) | पो.म.न.पा. वडा नं. ६ |
| सदस्य | श्री ओम प्रसाद गौचन | पो.म.न.पा. वडा नं. ७ |
| सदस्य | श्री यशोदा के.सी.भट्टराई | पो.म.न.पा. वडा नं. १४ |
| सदस्य | श्री राधिका शाही योगि | पो.म.न.पा. वडा नं. १७ |
| सदस्य | श्री मनबुजा बि.क. | पो.म.न.पा. वडा नं. २० |
| सदस्य | श्री सन्तुदेबी सुवेदी | पो.म.न.पा. वडा नं. २४ |
| सदस्य | श्री चतुरे बि.क. | पो.म.न.पा. वडा नं. ३१ |

**पोखरा महानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय,पोखरा, कास्की,**

**मिति २०७८/४/५ गते बिहान ८:०० बजेको ५१ औं कार्यपालिका वैठकका एजेन्डाहरु :-**

**प्रस्तावहरु :**

१। नगर प्रमुख ज्यूको स्वास्थ्यलाभ सम्बन्धी ।
२। विविध ।

## निर्णयहरु :

**निर्णय नं. १**

यस महानगरपालिकाका श्रद्धेय नगर प्रमुख श्री मानबहादुर जि.सी. ज्यू मिति २०७८/०४/१ गते अकस्मात विरामी भै उपचारको क्रममा न्यूरो अस्पताल काठमाण्डौमा उपचाररत रहनु भएकोमा उहांको सिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

यस महानगरपालिकाका श्रद्धेय नगर प्रमुख श्री मानबहादुर जि.सी. ज्यू को प्रारम्भिक उपचारमा संलग्न मेडिप्लस अस्पताल र मणिपाल अस्पताल तथा तहां कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मीहरुलाई धन्यवाद दिने ।

**निर्णय नं. ३**

श्रद्वेय नगर प्रमुख श्री मानबहादुर जि.सी. ज्यू को स्वास्थ्य लाभको लागि विभिन्न माध्यम द्वारासिघ्र स्वास्थ्यलाभको कामना गर्नुहुने सम्पूर्ण राजनैतिक दल, जनप्रतिनिधि, संघ संस्था, कर्मचारी, पोखरेली नागरिक एवं शुभेच्छुक महानुभावहरुमा धन्यवाद ज्ञापन गर्ने ।

**निर्णय नं. ४**

श्रद्वेय नगर प्रमुख श्री मानबहादुर जि.सी.ज्यू को स्वास्थ्य लाभको लागि कामना गर्नुहुने महानुभावहरुको लागि सम्पूर्ण वडा कार्यालयहरुमा स्वास्थ्यलाभको पुस्तिका राख्ने ।

**निर्णय नं. ५**

श्रद्वेय नगर प्रमुख श्री मानबहादुर जि.सी.ज्यू को स्वास्थ्य अवस्थाको बारेमा दैनिक नियमित सूचना प्रवाह गर्ने जिम्मेवारी महानगरपालिकाका प्रवक्ता श्री धनबहादुर नेपालीलाई दिने ।

**निर्णय नं. ६**

यस महानगरपालिकाका श्रद्वेय नगर प्रमुख श्री मानबहादुर जि.सी. ज्यू मिति २०७८/०४/१ गते अकस्मात विरामी भै उपचारको क्रममा न्यूरो अस्पताल काठमाण्डौमा उपचाररत रहेकोमा उहांको स्वास्थ्य उपचारमा आवश्यक आर्थिक सहयोग उपलब्ध गराउने र तत्कालको उपचार खर्च व्यवस्थापनका लागि रु. १० (दश) लाख प्रकोप व्यवस्थापन कोषबाट खर्च लेख्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

पोखरा महानगरपालिकाका वडा नं. १ देखि १७ नं. वडा सम्मका ५५ वर्षका नागरिकहरुलाई कोभिड-१९ विरुद्धको खोप लगाईएको र वडा नं. १८ देखि ३३ सम्मका वडाका नागरिकहरुलाई खोप लगाउने कार्यक्रम स्थगित भएको हूंदा सो कार्य तत्काल सुचारु गर्न पोखरा महानगरपालिकाले आवश्यक पहल गर्ने ।